ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरुः

१. गाउँपालिकाको दररेट सम्बन्धमा।
२. वार्षिक कार्यसम्पादन करार सम्झौता र कर्मचारीको कार्यविवरण सम्बन्धमा।
३. भाडाको सवारी साधन सम्बन्धमा।
४. रिक्त दरबन्दीमा करार सेवामा जनशक्ति लिने सम्बन्धमा।
५. सार्वजनिक सुनुवाई सम्बन्धमा।
६. राष्ट्रिय परिचय पत्र सम्बन्धमा।
७. शैक्षिक संस्थाको लेखा परिक्षण सम्बन्धमा।
८. झोलुङ्गे पुल निर्माण सम्बन्धमा।
९. विविध

निर्णयहरुः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम जिल्ला दररेटलाई समेत मध्यनजर गर्दै आर्थिक वर्ष २०८२/८३ का लागि ऐरावती गाउँपालिकाको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो।
२. ऐरावती गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन गाउँपालिका अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरु बिच कार्यसम्पादन करार सम्झौता गरी लागु गर्नुका साथै गाउँपालिका अन्तर्गत कार्यरत सबै कर्मचारीहरुको कार्य विवरण स्वीकृत गर्ने निर्णय गरियो।
३. ऐरावती गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा भाडामा लिएको डबल पिक्याप सवारी साधन यस वर्ष पनि आवश्यताको महशुस गरी पुरानो भाडा दरमै आर्थिक वर्ष २०८२/०८३ को लागि निरन्तरता दिने निर्णय गरियो।
४. ऐरावती गाउँपालिकामा आवश्यक तथा रिक्त रहेको मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, अनमी र ल्याब असिस्टेन्ट पदमा करार सेवामा भर्ना गर्नको लागि विज्ञापन प्रकाशन गरि पदपूर्ति गर्न प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मा दिने निर्णय गिरयो।

**छनौट समिति**

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

ख) प्रशासन शाखा प्रमुख सदस्य

ग) अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको अधिकृतस्तर कर्मचारी सदस्य

५. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो चौमासिक सार्वजनिक सुनुवाई ऐरावती गाउँपालिका वडा नं. ५ को कार्यालयमा मिति २०८२ भाद्र २ गते गर्ने निर्णय गरियो ।

६. ऐरावती गाउँपालिका भित्रका शिक्षण संस्थाको लेखा परिक्षण सूचिकृत लेखा परिक्षणसँग गराउने र विद्यालयले लेखा परिक्षकलाई दिने सुविधाका विषयमा आवश्यक परामर्श गरी एक रुपता कायम गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

७. जिल्ला प्रशासन कार्यालय खलंगा प्यूठानको सहजिकरण र ऐरावती गाउँपालिकाको सहयोगमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको राष्ट्रिय परिचय पत्र निर्माणको लागि मिति २०८२ श्रावण ३० र ३१ गते ऐरावती गाउँपालिकामा शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

८. झोलुंगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत प्रचलित झोलुंगे पुल रणनीति बमोजिम ऐरावती गाउँपालिका वडा नं. ६ काउले स्थीत छथुम गोठिबाङ झोलुंगे पुल निर्माणको लागि सेवा प्रदायक संस्था मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र खलंगा प्यूठानलाई कार्यादेश दिनुका साथै ऐरावती गाउँपालिका अन्तर्गत वडा नं. १ माझिदमार र वडा नं. ५ सराङवेसीमा रहेको झोलुङ्गे पुलका सामाग्रीहरुको अवस्था मुल्याकंन गरी ऐरावती गाउँपालिका वडा नं. ३ दारिमपाटा र ऐरावती गाउँपालिका वडा नं. २ भर्वुखोलामा झोलुङ्गे पुल निर्माणको लागि लागत ईस्टिमेट बनाउन पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

९. यस ऐरावती गाउँपालिका भित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत दरवन्दी भित्रका स्थायी पदहरु मध्ये हाल रिक्त रहेका तपसिल बमोजिमका पदहरु स्थायी पूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने निर्णय गरियो:

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | पद नाम | सेवा, समूह | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेखा अधिकृत | प्रशासन/लेखा | लेखा अधिकृत छैठौं | १ | |
| २ | अधिकृत | प्रशासन (सा.प्र.) | सातौं | १ | |
| ३ | शिक्षा अधिकृत | शिक्षा | सातौं | १ | |
| ४ | पशु विकास अधिकृत | कृषि सेवा भेट | आठौं | १ | |
| ५ | प्रशासन | पाँचौ | प्रशासन (सा.प्र.) | १ | |
| ६ | वडा सचिब(सहायक) | चौथो | प्रशासन (सा.प्र.) | ३ | |
| ७ | हे.अ. | स्वास्थ्य हे.ई. | पाँचौ | २ | |
| ८ | अ.हे.व. | स्वास्थ्य | चौथो | २ | |
| ९ | अ.न.मी. | स्वास्थ्य | चौथो | २ | |

**विविधः**

- पुरण्ठाँटी स्वास्थ्य चौकीको रिक्त रहेको पुरानो भवन भाडामा माग भएकोले स्वास्थ्य चौकी सञ्चालन तथा ब्यवस्थापन समितिको निर्णय बमोजिम भाडामा दिने ब्यवस्था मिलाउन समितिलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।
- राष्ट्रिय रोजगार कार्यक्रममा कार्यरत रोजगार संयोजक श्री बिनोद त्रिपाठीले पाउँदै आएको स्थानीय भत्ता र पोषण, पञ्जिकरण र लघु उद्यम विकास कार्यक्रममा कार्यरत कर्मचारीहरुका लागि मंहगी तथा स्थानीय भत्ता कानुन अनुसार उपलब्ध गराउने निर्णय गरियो।
- ऐरावती गाउँपालिकाका सबै वडामा नारीहरुको महान पर्व हरितालीका तीजको अवसरमा तीज गीत प्रतियोगीता सञ्चालन गर्न प्रति वडा रु ३० हजार र वडा नं. १ को लागि रु ६० हजार लक्षित वर्गको रकमबाट भुक्तानी दिने गरी उपलब्ध गराउने निर्णय गरियो।
-

➢ ऐरावती गाउँपालिका वडा नं. ६ मा  सञ्चालित झिमरुक बिजुली लिफ्ट परिक्षण तथा सञ्चालनको तिर्न बाँकि विद्युत महशुल उपभोक्ता, निर्माण ब्यवसायी र गाउँपालिका त्रिपक्षिय मिलेर भुक्तानी दिने निर्णय गरियो ।

➢ ऐरावती गाउँपालिका वडा नं. ५ को मिति २०८२/०४/१४ को पत्रानुसार त्रिवेणी मजुवा सराङवेसी सडक अविरल वर्षाका कारण ठाउँ ठाउँमा पहिरो गएकोले पहिरो पन्छाउनको लागि ईष्टिमेट अनुसारको रकम विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

➢ "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम यस गाउँपालिकाबाट जारी गरिएका ईजाजत पत्र समयमा नविकरण नगरिएकोमा उक्त निर्माण ब्यवसायीबाट नविकरण दस्तुरको २५ प्रतिशत हर्जना लिई एक पटक नविकरण गर्नको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

➢ ऐरावती गाउँपालिका वडा नं. ५ निवासी विश्शु थापाको घरमा मिति २०८२/०४/२० गतेको पहिरोका कारण क्षती पुगेको र ऐरावती गाउँपालिका वडा नं. ५ निवासी गोपाल बहादुर शाहीको गोठ भत्केर क्षती भएकोले राहत स्वरुप जनही रु १० हजार उपलब्ध गराउने निर्णय गरियो ।

➢ ऐरावती गाउँपालिका वडा नं. २ को कार्यालय नजिक रहेको पिपलको रुखको हागा कटानको लागि आवश्यक रकम विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

➢ ऐरावती गाउँपालिका वडा नं. ६ निवासी अमृता गुरुङको सर्पले डसि उपचारको क्रममा मृत्यु भएकोले विपद् ब्यवस्थापन कोषबाट मृतकका परिवारलाई रु २० हजार उपलब्ध गराउने निर्णय गरियो ।